नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४५१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं

# प्रेस विज्ञप्ती- ५२

## "राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ अन्तर्गत कसूरमा संलग्न व्यक्तिहरू पक्राउ"

उपर्युक्त सम्बन्धमा नेपाल क्रिकेट संघको आयोजना तथा सेभेन थ्री स्पोर्ट्स प्रा.लि.को रणनितिक तथा व्यवसायिक साझेदारीमा नेपाल स्थित त्रिभुवन विश्वविद्यालय, किर्तीपुर, काठमाडौंको क्रिकेट मैदानमा सन् २०२२ डिसेम्बर २४ तारिख देखि सन् २०२३ जनवरी ११ तारिख (मिति २०७९/०९/०९ गते देखि २०७९/०९/२७ गतेसम्म) सम्म सञ्चालन भएको नेपाल टी-२०क्रिकेट लिगमा लिगको प्रतिस्पर्धाबाट आउने स्वाभाविक परिणामलाई प्रतिकूल हुने, बाजी जिताउने वा हराउने उद्देश्यले खेलमा मिलोमतो तथा अनियमितता गरी राष्ट्रको प्रतिष्ठा, खेलकुदको विकास, विस्तार र प्रवर्द्धनमा आँच पुऱ्याउने किसिमका गतिविधिहरूमा संलग्न व्यक्तिहरूलाई राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ अन्तर्गतको खेलमा मिलोमतो तथा अनियमितता गर्न नहुने कसूर मुद्दाको अनुसन्धानको लागि पक्राउ गर्न मिति २०७९/१०/०९ गते सम्मानित काठमाडौं जिल्ला अदालतबाट अनुमति लिई निम्न व्यक्तिहरुलाई निम्न स्थानबाट पक्राउ गरी प्रहरी हिरासतमा राखी अनुसन्धान गर्नको लागि सम्मानित काठमाडौं जिल्ला अदालतबाट आजै दिन ५ (पाँच) म्याद थप गरी यस ब्यूरोको हिरासतमा राखी अनुसन्धान भई रहेको व्यहोरा सूचित गरिन्छ ।

**पक्राउ व्यक्तिको विवरण:;**

१) नामथर: महवुव आलम
उमेर: ४१ बर्ष
ठेगाना:जिल्ला सप्तरी, राजविराज नगरपालिका, वडा नं ३ ।
पक्राउ स्थान: जिल्ला मोरङ, बिराटनगर महानगरपालिका, वडा नं १, शान्तिचोक ।
पक्राउ मिति: २०७९/१०/०९ गते ।

२) नामथर: मोहमद आदिल आलम
उमेर: २० बर्ष
ठेगाना:जिल्ला बारा, सिम्रौनगढ नगरपालिका, वडा नं ३ ।
पक्राउ स्थान: जिल्ला सप्तरी, राजविराज नगरपालिका, वडा नं ५, लंका टोल ।
पक्राउ मिति: २०७९/१०/०९ गते ।

उपनिर्देशक
(संजय सिंह थापा)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर ९८५१२८१३३४

मिति: २०७९/१०/१०गते ।

**छानविन तथा प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएका तथ्यहरू**

- पूर्व राष्ट्रिय क्रिकेट खेलाडी समेत रहेका महवुव आलमले कम्तीमा दुई जना नेपाली खेलाडीलाई आर्थिक प्रलोभन देखाई स्पट फिक्सिङ गर्ने प्रयास गरेको ।
- नेपाली खेलाडी मोहमद आदिल आलमलाई एउटा नो बल र एउटा वाईड बल फाल्नको लागि एप्रोच आएको, उनले खेलेका कम्तीमा दुई वटा खेलमा सोही प्रकृतिको खेल खेलेको देखिएको । (The International Cricket Council Anti-Corruption Code for Participants, Article 2.4.4 Failing to disclose to the ACU (without unnecessary delay) full details of any approaches or invitations received by the Participant )
- एक नेपाली खेलाडीलाई नेपाली व्यक्तिले Approach गरेको ।
- एक विदेशी खेलाडीलाई खेलको व्यवस्थापन टिमका सदस्यबाट Approach भएको ।
- टिम म्यानेजरको निर्देशनमा एक विदेशी खेलाडीले एक सेशनमा निर्धारित रनमात्र बनाई स्पट फिक्सिङ गरेको ।
- मुख्य प्रायोजकको रूपमा रहेको 1xBat ले खेलकुदसँग सम्बन्धित समाचारको लागि तथा पूर्वानुमान गर्नको लागि भरपर्दो श्रोत भन्ने दावी गर्ने गरेको । निकट भविष्यमा क्रिकेट खेलसँग सम्बन्धित पोशाक तथा सामग्रीहरू बजारमा उपलब्ध हुने दाबी गरेको तर हालसम्म बजारमा बिक्री वितरणको लागि कुनै पनि सामाग्री उपलब्ध नभएको ।
- केही फ्रयान्चाईज टिमहरूको आर्थिक श्रोत, खेलाडीहरूलाई दिने पारिश्रमिकको श्रोत नखुलेको ।
- विभिन्न व्यवस्थापकको भूमिकामा रहेका केही व्यक्ति, खेलाडीसँग सम्पर्कमा भएका व्यक्ति र खेलमा सहभागी खेलाडीहरू समेत स्पट फिक्सिङमा संलग्न भएको तथ्य र आधार फेला परेको ।
- नेपाल क्रिकेट संघ नै आयोजक भई सञ्चालन गर्ने नेपाल टी-२० क्रिकेट लिगले नेपालको प्रतिनिधित्व गर्ने, राष्ट्रिय क्रिकेट तथा राष्ट्रको छवीमा समेत प्रभाव पार्न सक्ने महत्व बोकेको खेलको रणनीतिक तथा व्यवसायिक साझेदार र फ्रयान्चाईज टिमहरूको आर्थिक श्रोत, विगतमा क्रिकेट खेलसँगको आवद्धता, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व बहन गर्ने क्षमता लगायतका विषयमा भेटिङ गर्ने समेतको कार्यमा उचित ध्यान दिन नसकेको ।

**कानूनी प्रावधान: राष्ट्रिय खेलकुद विकास ऐन, २०७७**

**दफा ३१ खेलमा मिलोमतो तथा अनियमितता गर्न नहुने:** नेपालभित्र वा नेपालको प्रतिनिधित्व गरी नेपालमा वा विदेशी मुलुकमा कुनै खेलाडीसंग प्रतिस्पर्धा गर्दा कुनै खेलसम्बद्ध खेलाडी वा पदाधिकारीले त्यस्तो खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकुल हुने गरी कुनै खेलाडी वा खलाडीको समूहसंग मिलोमतो गर्न वा कसैको प्रलोभनमा पर्न वा कुनै बाजी जिताउने वा हराउने गरी त्यस्तो खेल खेल्न वा खेलाउने कार्य गर्न हुँदैन ।

दफा ३२ (ग) कसुर: खेलमा मिलोमतो तथा अनियमितता गरेमा यस ऐन अन्तरगतको कसूर मानिने

दफा ३३ सजाय: तीन वर्ष कैद र ५० हजार जरिवाना गरी सो कसूर गर्दा कुनै रकम लेनदेन गरेको भए सो रकम समेत जफत हुने

*(कसूर गर्न आदेश वा निर्देशन दिने, त्यस्तो कसुर गर्न दुरूत्साहन दिने, उक्साउने वा मद्दत गर्ने व्यक्तिलाई मुख्य कसुरदार सरह सजाय हुने)*